bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY
वर्ष ४० अंक ५८ | २०७८ असार ०६ गते आइतबार, नेपाल सम्वत् ११४१ June 20, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता
asianpaints
CERA
सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।
सब ठिक ठाक !!
प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन:०६५-५६२६८७, ९८५६०६०३४७
ग्रिनरी भानु सप्लायर्स




**नयाँ पाठ्यपुस्तक :** सरकारले असार १ गतेबाट नयाँ शैक्षिक सत्र शुर गरेसंगै तनहुँका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकाका लागि नयाँ पाठ्यपुस्तक किन दमौलीको सफासडक स्थित एक पुस्तकपसलमा लाम्बद्ध अभिभावकहरू । तनहुँका विद्यालयहरूले भर्ना अभियान तथा वैकल्पिक विधि र प्रविधिको प्रयोग गरी बालबालिकाको सिकाईलाई निरन्तरता दिने तयारीमा जुटेका छन् ।

*तस्विर : निशा थापा मगर/भञ्ज्याङ*

# बढ्दो लापरवाहीका कारण गाउँ पस्यो कोरोना, तनहुँमा संक्रमणदर घट्न सकेन

## कोरोना संक्रमणबाट तनहुँका १०२ जनाको मृत्यु, ७९१ जना सक्रिय संक्रमित

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँमा नयाँ भेरियन्ट सहितको कोरोना भाइरस संक्रमण देखिन थालेको करिब दुई महिना बितेको छ । समुदायस्तरमै संक्रमण फैलिएपछि रोकथाम तथा न्यूनिकरणका लागि भन्दै स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको पनि डेढ महिना पुगेको छ । तर, कोरोना संक्रमितको संख्या भने दैनिक बढ्दै गइरहेको छ । गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले शनिबार सार्वजनिक गरेको विवरणमा तनहुँका ८८ जनामा भाइरस संक्रमण पुष्टि भएको छ भने १ जनाको मृत्यु भएको छ । भारत तथा संक्रमण देखिएका जिल्लाबाट तनहुँ आएका व्यक्तिमा शुरूवाती चरणमा कोरोना संक्रमण देखिएको थियो। ती व्यक्तिहरूबाट शहर बजार क्षेत्रका बासिन्दामा संक्रमण फैलिएपछि रोकथाम तथा न्यूनिकरणका लागि भन्दै स्थानीय प्रशासनले गत वैशाख २३ गतेबाट निषेधाज्ञा जारी गरेको थियो ।

निषेधाज्ञा जारी भएसंगै बजार क्षेत्रमा बसोवास गर्दै आएका नागरिक आ–आफ्नो गाउँ तर्फ फर्कने तथा विवाह, भोजभतेर एवं भिडभाडजन्य गतिविधि सहभागि हुँदा गाउँगाउँमा कोरोना संक्रमण देखिन थालेको प्रमुख जिल्ला अधिकारी सागर आचार्य बताउँछन्। ग्रामीण क्षेत्रका बासिन्दामा कोरोना संक्रमण देखिन थालेपछि के कसरी रोकथाम गर्न सकिन्छ भन्ने विषयमा विभिन्न संयन्त्र तयार गरी परिचालन गरिएको उनले बताए ।

शुरूवाती चरणमा बजार क्षेत्रमा देखिएको कोरोना संक्रमण अहिले गाउँगाउँका बासिन्दामा देखिन थालेपछि संक्रमण नियन्त्रणका लागि विभिन्न चुनौतीहरू झेल्दै



आउनु परेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारी बताउँछन् ।

कार्यालयले जिल्लाका १० वटै पालिकामा रहेका स्वास्थ्य शाखा तथा इकाईलाई परिचालन गरी कोरोनासंग मिल्दाजुल्दा लक्षण देखिएका व्यक्तिहरूलाई परीक्षणको दायारामा ल्याउने, होम आइसोलेशनमा बसेकाहरूको स्वास्थ्य अवस्था बुझ्ने तथा सचेतना मुलक कार्यक्रमलाई तीव्र पारिएको प्रमुख अधिकारीले बताए।

यस्तै, अधिकांश कोरोना संक्रमितहरू होम आइसोलेशनमा बस्ने गरेका छन् । होम आइसोलेशनमा बस्दा खानपिन, रेखदेखमा पारिवारिक वातावरण हुने भएपनि केही संक्रमितको स्वास्थ्यमा गम्भिर समस्या देखिएपछि अस्पताल आउँदा उपचारमा समस्या आउने गरेको दमौली अस्पतालका प्रमुख डा. सुनिल पौड्याल बताउँछन् ।

तोश्रो लहरको कोभिड संक्रमणलाई समेत लक्षित गरी अहिले कोभिड अस्पताल तथा केन्द्रलाई व्यवस्थित र आवश्यक पूर्वाधारहरू थप्दै लगिएको र अक्सिजन प्लान्ट निर्माणको कामलाई पनि प्राथमिकतामा राखिएको उनले बताए ।

तनहुँमा ४ हजार ४०० जनाको पीसीआर र २ हजार २२७ जनाको एन्टिजेन प्रविधिबाट कोरोन परिक्षण गर्दा २ हजार ८७० जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय तनहुँले सार्वजनिक गरेको पछिल्लो विवरणमा उल्लेख गरिएको छ । अधिकांश संक्रमितहरू ग्रामीण क्षेत्रका भएको हुँदा अहिले स्थानीय पालिकाहरूले पनि संक्रमण देखिएका क्षेत्रको पहिचान गरी स्वास्थ्यकर्मीहरूको टोली सहित जनप्रतिनिधिहरू समेत कोरोना भाइरस संक्रमण रोकथाम तथा न्यूनिकरणमा खट्टिदै आएको भिमाद नगरपालिकाका नगरप्रमुख मेखबहादुर थापाले बताए ।

संक्रमित मध्ये हालसम्म २ हजार २ जना निको भएका छन् भने ५८ जनालाई कोभिड अस्पतालको आइसोलेशन, आइसियू तथा एचडियूमा राखेर उपचार भइरहेको छ । वैशाख महिना यता तनहुँमा कोरोना संक्रमणबाट ७७ जनाको मृत्यु भइसकेको छ भने पहिलो लहरको कोरोना संक्रमणबाट तनहुँका २५ जनाले ज्यान गुमाएका थिए । कोरोना संक्रमणबाट तनहुँमा १०२ जनाको मृत्यु भएको छ ।

*बाँकी तेश्रो पेजमा*

# कम्यूनिष्टको 'क' होइन अधिनायकवादको 'अ' संगको हाम्रो लडाई हो : नेता पौडेल

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिले कम्यूनिष्टको 'क' संग नभई अधिनायकवादको 'अ' संगको लडाई भएको बताएका छन् । एमालेका अध्यक्ष तथा प्रधानमन्त्री कोपी ओलीले दुई/दुई पटकसम्म संसद विघटन गरी संविधान विपरितको काम गरेको भन्दै उनले हामी अन्याय, अत्याचार र अधिनायकवादको अ संग विरोध र लडाई गरिरहेको बताए । तनहुँका स्थानीय पालिका तथा कोभिड अस्पताललाई स्वास्थ्य सामाग्रि लिएर गृहजिल्ला आइपुगेका वरिष्ठ नेता पौडेलले नेपाली कांग्रेस कम्यूनिष्टसंग मिल्नै हुँदैन् भन्ने कुरा विरालु बाँधेर श्राद्ध गर्ने परम्परा जस्तै हो भनेका छन्।

'बिगतका घटनाक्रमलाई समेत समिक्षा गरी अहिलेको राजनीतिक घटनाक्रमको निकासका लागि कार्यगत एकताको आवश्यकता र हेको छ', नेता पौडेलले भने, 'मुलुकमा जब अधिनायकवाद हावि हुन्छ, जबजब जनताको अधिकार माथी एउटा साजिस, षड्यन्त्र, दुष्चक्र, प्रतिगामि कदम हुन्छ त्यसको खिलापमा देशका विभिन्न राजनीतिक पार्टीहरूले मिलेर आन्दोलन गरेको स्मरण गर्दै त्यसको नेतृत्व कांग्रेसले गर्नुपर्छ।'

'प्रधानमन्त्री केपी ओली सर्वसत्तावाद, अधिनायकवादको घोडा चढेर सारा देशलाई ताबाह गर्ने बाटोमा हिड्का छन्', नेता पौडेलले भने, 'त्यसलाई नियन्त्रण गर्नका लागि यो परिवर्तनका पक्षधर लोकतन्त्रका पक्षधर, जनताका अधिकारको पक्षधरहरूले मिनिमम् अन्डरस्टान्डिक जोजोसंग मिल्छ,



कोको मिलेर यसलाई रोक्न सकिन्छ त्यस तर्फ अगाडि बढ्नुपर्छ ।'

'चुनाव गराउनका लागि संसद विघटन गरिएको होइन, संसद विघटन र चुनावको गहिराइ र मर्ममा पुग्दा त्यति सजिलो छैन', नेता पौडेलले भने, 'यो चुनावले जुन एजेण्डा उठाउन खोजेको छ त्यो ७० वर्ष लढेर ल्याएको परिवर्तन, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्रलाई उल्टाउने गरी योजनावद्ध ढुंगले चुनावलाई प्रयोग गर्न खोजिएको छ ।'

त्यस्तै, नेता पौडेलले संकटको सामना गर्न सक्ने नेतृत्व पार्टीलाई चाहिएको बताएका छन् । राष्ट्र जोगाउन सक्ने नेतृत्व कांग्रेसलाई आवश्यक रहेको बताउँदै उनले मुलुक नयाँ युगमा प्रवेश गरेको दाबी गरेका छन् ।

'पार्टीको सीमा पार गरेर प्रजातन्त्र जोगाउने कुरामा सबै अगाडी बढ्नुपर्छ', उनले भने, 'मुलुक दुई ध्रुवमा विभाजित भएको छ, लोकतन्त्र पक्षधर एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन ।'

'हामी नयाँ युगमा प्रवेश गरेका

*बाँकी अन्तिम पेजमा*

# मनसुनजन्य विपद्मा परी १७ को मृत्यु

**रासस/काठमाडौं**

मनसुनजन्य विपद्मा परेर पछिल्लो एक सातामा १७ व्यक्तिको मृत्यु भएको छ । अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परी जेठ ३० यता १० पुरूष, ४ महिला, २ बालक र १ बालिकाको ज्यान गएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । मृत्यु हुनेमा सिन्धुपाल्चोकका ३, डोटीका ३, सप्तरी, काभ्रे, गोरखा, जुम्ला, अर्घाखाँची, पाल्पा, कास्की, कालिकोट, बाजुरा, बझाङ र प्युठानका १/१ जना रहेका छन् ।

यस्तै बाढी, पहिरो र डुबानमा परी १७ जना घाइते भएका छन्। घाइतेमध्ये १० पुरूष, ४ महिला, १ बालक र २ बालिका रहेका छन्। बाढी, पहिरोमा परी अहिलेसम्म २२ बेपत्ता भएका छन्। जसमध्ये १५ पुरूष, ५ महिला र २ बालक छन्। उनीहरूमध्ये सिन्धुपाल्चोकका मात्रै २० र बाजुरामा १ र रूपन्देहीमा १ जना छन् । वेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

बाढी तथा पहिरोमा परेका सिन्धुपाल्चोकमा ९४ सल्यानमा ८, दाङका ४ र कञ्चनपुरका ३ गरी १०९ जनाको उद्दार गरिएको छ । उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण र उद्दारमा सम्बन्धित प्रहरी कार्यालयबाट प्रहरी कर्मचारी उद्धारमा सक्रिय रूपमा संलग्न छन् । बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने, अवरोध सडक हटाउने काम जारी रहेको छ । गएको वैशाख यता भने विपद्जन्य घटनामा ७१ जनाको मृत्यु भएको छ भने २४ जना वेपत्ता भएका छन् । ती घटनाबाट ४१ करोड बढीको क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

# कालो बादल मडारिन थालेपछि .........

शरद् शर्मा

हेलम्बु गाउँपालिका–७ चनौट बजारकी भीमकुमारी ज्योतिलाई साँझ पऱ्यो कि डर लाग्न थाल्छ । साँझ परेपछि चनौट बजारमा भएर बग्ने मेलम्ची खोलामा पानी बढ्न थाल्छ अनि ढुङ्गाको आवाज आउन थाल्छ । मडारिएर कालो बादल आउन थालेपछि उहाँको मन आत्तिन्छ फेरि पनि खोला कति ठूलो हुने हो र के के क्षति पुऱ्याउने भन्ने । "कालो मडारिएको बादल देखिएपछि डर लाग्न थाल्छ, फेरि पनि पानी पर्ने र खोला भरिने हो कि भनेर", उहाँले भन्नुभयो, "तीन दिन भयो, फेरि पनि खोला बढेर बगाउँछ भनेर सुत्न पाएका छैनौँ।" यही असार २ गते मेलम्ची खोलामा बाढी आउँदा उहाँको घर र जग्गा सबै बाढीले बगाएको थियो । साँझ ७:०० बजे खोलामा ठूलो आवाज आयो र घरबाहिर निस्केर हेर्दा ठूलो पानी आइरहेको उहाँले देख्नुभयो । त्यो खोला छिनभरिमा नै उर्लियो र राति १२:०० बजे उहाँको घरजग्गा सबै बगायो । "त्यो दिन हामी घरबाट चाँडै निस्केरमात्र बाँच्न पायौँ", उहाँ भन्नुहुन्छ, "खोलामा ठूला आवाज र जमीन थरथर काम्न थालेपछि हामी बाहिर के भयो भनेर बाहिर निस्केका हौँ ।"

गत बुधबार आएको मेलम्ची नदीमा आएको पानीले मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिका–१ को तिमु र चिउरी खर्क, वडा नं २ क्युल, वडा नं ६ चालिसेमा बढी क्षति पुऱ्याएको छ। पचपन्न वर्षीया ज्योति उक्त ठाउँमा बसेको धेरै भए पनि यसरी खोलामा ढुङ्गाको आवाज आउँदै बाढी आएको र जमीन थर्किएको कहिल्यै देख्नुभएको थिएन । यस्तै सोही ठाउँका मीनमार तामाङको पनि बगरमा रहेको घर बाढीले लग्यो । घरमा रहेको सबै बगाएपछि सपरिवार उहाँ डाँडामा त्रिपालमा बस्नुभएको छ । खोला एक्कासि बढेर आउँदा आफू र छोराछोरीलाई बचाउन लाग्दा घरको केही नै जोगाउन उहाँले पाउनुभएन । "हामी आफ्नो ज्यान बचाउनका लागि माथि डाँडातिर उक्ल्यौँ, अनि हेर्दाहेर्दै खोलाले घर बगायो", उहाँ भन्नुहुन्छ, "आफूसँग लगाएको कपडाबाहेक घरबाट अरु केही ल्याउन पाएनौँ, घरमा रहेको सबै खोलाले बगायो ।"

यस्तै विष्णुप्रताप खड्काले पनि त्यो दिन दिउँसोदेखि नै खोलामा पानीको बहाव बढिरहेको बताउनुभयो। "बत्ती गयो, खोलो करायो, गाउँका छरछिमेकी जम्मा भयौँ, खोला हेऱ्यौँ मात्र केही गर्न सकेनौँ", उहाँले स्मरण गर्दै भन्नुभयो, "भोलिपल्ट हेर्दा केही थिएन ।" त्यस दिन उहाँ भाउजूसँगै भाइको माछा फार्ममा जानुभएको थियो । पानी बढेपछि उहाँ माछा फार्मदेखि भाग्न सफल भए पनि भाउजू भने



सक्नुभएन र खोलाले बगायो ।

उहाँसहित पाँच दाजुभाइको ५० रोपनी जग्गा बगर र भाइको माछा फार्म पनि खोलाले खायो । भुवन दङ्गालका अनुसार जेठ मसान्तको दिनदेखि खोलाको बहाव बढिरहेको र असार २ गते ठूलो बहाव आएको हो । "खोला बढेको दिन भूकम्पभन्दा बढी हल्लायो", उहाँले भन्नुभयो, "अब त बाँचिन्न भनेको थियौँ, हामी त बाँच्यौँ, तर घर बगाएर लग्यो ।" उहाँ घर बगाएपछि डाँडामा त्रिपालमा सुत्दै आउनुभएको छ। दिउँसो भने आफ्नो बगाएको घर कस्तो छ भनेर हेर्न आउने गर्नुहुन्छ । उहाँले भूकम्पले भन्दा बाढीले बढी क्षति पुऱ्याएको बताउनुभयो । "भूकम्पले बरू त्यति क्षति गरेन, घर भत्कको मान्छे मरेनन्, घर त पछि बनाइहाल्यौँ", उहाँले भन्नुभयो, "तर अहिले घरमात्र बगाएन, घर बनाउने ठाउँ नै बगर भयो, घर बनाउने ठाउँ नै छैन ।"

स्थानीयवासी ध्रुवबहादुर श्रेष्ठले सामान्य खोलाभन्दा अहिले १० मिटर माथि बढेर आएको बताउनुभयो । उक्त दिन ७:०० बजेदेखि पानीको सतह बढे पनि राति १२:०० बजेदेखि भने लेदोसहितको बाढी आएको उहाँको भनाइ छ । "सामान्य खोलाभन्दा त्यस दिन एकै छिनमा १० मिटर माथि बढेर खोला आयो", उहाँले भन्नुभयो, "रातीतिर त लेदोसहितको पानी आयो, त्यसपछि मेलम्चीका ड्यामका गिट्टीसहित पानी आयो ।" उहाँले खोला बहाव बढ्न साथ मानिस भागेकाले मानवीय क्षति हुन नपाएको बताउनुभयो ।

**बजार बगर**

चनौट बजार जिल्लाको उत्तरतिरको किनमेल गर्ने बजार रहेको थियो । धेरै मानिसको किनमेल गर्न त्यहाँ आउने गर्दथे। गत बुधबार आएको मेलम्ची खोलामा आएको बाढीले बजार पूरै बगर भएको छ। बजारका अधिकांश पसल आधा डुबेका छन् भने व्यापारीले आफ्ना सामान सारेका छन्। स्थानीय हेलम्बु युवा समाजका सचिव रोशन दङ्गालले साँझतिर आएको बाढीमा कसैले पनि केही निकाल्न नपाएको बताउनुभयो। बजार क्षेत्रका सबै घर र पसलमा ताला लगाएर मानिसहरु डाँडामा बस्ने गरेका छन् । दिउँसो भने ती व्यापारी आफ्नो सामान पसलबाट झिकेर सुरक्षित ठाउँमा राख्ने गरेका छन् । उहाँले खोलाको बहाव बढिरहेकाले बजार अझै पनि असुरक्षित रहेको बताउनुभयो । "पानी परिरहेको छ, कतिबेला बजारतिर खोला पस्छ भन्ने चिन्ता सवैलाई छ", उहाँले भन्नुभयो, "साँझतिर पानी पर्न थालेपछि यहाँका व्यापारीहरु त्रासमा हुन्छन्।" उहाँले जिल्लाकै तेस्रो ठूलो बजार क्षेत्रका रुपमा रहेका यस बजारमा यसअघि हजारौँ मानिस किनमेल गर्न आउने गरेका बताउनुभयो । उहाँका अनुसार बाढीले बजार क्षेत्रका ५० घरमध्ये २० बगाएको र करीब रू सात अर्ब बराबरको क्षति भएको छ ।

**विस्थापितलाई स्थायी रुपमा स्थापना**

वागमती प्रदेशका उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री सरेश नेपालले जुरे पहिरो र भूकम्पबाट तङ्ग्रिँदै गर्दा बाढीले पुनः जिल्लालाई पहिलेको ठाउँमा पुऱ्याएको बताउनुभयो । उहाँले अहिले हेलिकप्टरबाट पहिरोमा परेकालाई उद्धार, बेपत्ताको खोजी जारी र मृतकको शव खोज्ने कार्य भइरहेको जानकारी दिनुभयो । उहाँले विस्तापितलाई स्थायी रुपमा स्थापित गरिने बताउनुभयो। "विस्थापितलाई स्थापित गर्नका लागि स्थानीय सरकारसँग मिलेर जग्गा उपलब्ध गराउने र संघीय सरकारसँग मिलेर पुनर्निर्माणको काम गर्नेछौँ", उहाँले भन्नुभयो, "पुनर्स्थापना गर्नका लागि प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेको छ ।" उहाँले गत वर्ष पुनर्स्थापना गर्न बाँकी रहेका र अहिले बाढीपहिरामा परेकालाई स्थायी बसोबास गर्नका लागि सरकारले काम अगाडि बढाइरहेको छ। उहाँका अनुसार प्रदेश सरकारले विस्थापितलाई रू ५० हजार तुरुन्तै, घरजग्गा नभएकालाई घडेरी किन्न रू तीन लाख र घर बनाउनका लागि रू पाँच लाख दिनेछ ।

**पूर्वाधारका लागि छुट्टै रकम**

प्रदेश सरकारले विस्थापितको घर नजीक बाटोघाटो, विद्युत्, ढल निकास र खानेपानीका लागि छुट्टै रकम उपलब्ध गराउने भएको छ । "न्यूनतम पाँच घरपरिवारको एउटै बस्ती बन्छ भने एक परिवार बराबर रू पाँच लाखका दरले पूर्वाधार विकासका लागि दिनेछौँ", उहाँले भन्नुभयो, "यसका लागि सरकारले कानून बनाएर बजेट नै विनियोजन गरेको छ, यसमा संघ र स्थानीय सरकारको दायित्व रहेको छ ।" उहाँले जोखिम भएको ठाउँबाट बस्तीलाई अन्यत्र सारी एकीकृत बस्ती बनाउने सरकारले बताउनुभयो । चनौट बजारमा करीब ११० घरपरिवार बाढीका कारणले विस्थापित भएका छन् । वाग्मती प्रदेशले हेभिटेन्ट ५० थान र त्रिपाल सय थान तथा १० प्याक औषधि बाढीपीडितलाई उपलब्ध गराएको थियो । यस्तै तिलगङ्गा आँखा अस्तालले सय परिवारलाई पुग्ने खाद्यान्न उपलब्ध गराएको छ । रासस

# हेलिकप्टर चार्टर गरेर सुरक्षित स्थानमा जाँदै मनाङबासी

रासस/लमजुङ

मनाङका स्थानीय हेलिकप्टर चार्टर गरेर सुरक्षित स्थानमा जान थालेका छन्। यही असार १ गतेदेखि परेको अविरल वर्षासँगै आएको बाढी पहिराले गाउँमा सुरक्षित नभएपछि सुरक्षित स्थानमा हिँडेका हुन् । हालसम्म पनि वर्षा र जोखिम कायम रहेपछि मनाङेहरु लमजुङ, काठमाडौँ, पोखरातर्फ आउन थालेका हुन्। नासो गाउँपालिका–८ ताचे ओडारका ३५ वर्षीय विष्णु घले, ३२ वर्षीय चन्द्रकाशी गुरूङ, ३१ वर्षीय सञ्जय गुरूङ, १४ वर्षीय सविना गुरूङ र सोही हेलिकप्टरमा गोरखा सिरनचोकका २२ वर्षीय पुकार गुरूङ शनिबार मनाङबाट हेलिकप्टर रिजर्भ गरेर लमजुङ आइपुगेका छन् ।

पुकार गुरूङ भने गत जेठ २६ गते मनाङ ताचे घुम्न गएको र पहिराका कारण रोकिएर बसेका थिए। विष्णु घलेले भन्नुभयो, "मनाङ ताचेबाट हेलिकप्टरमा हामीले प्रतिव्यक्ति रू २० हजारका दरले तिरेर बैँसीशहर आएका हौँ । यसरी आउनु हाम्रो रहर होइन बाध्यता भएको उहाँको भनाइ छ । घलेले भन्नुभयो, "गाउँभन्दा तल नै सुरक्षित छ, मनाङका गाउँहरुमा वारिपारि पहिरो अझै पनि गइरहेको छ । गाउँमा बिजुली लाइन छैन, वाइफाई छैन, बाटो छैन, मोबाइलमा चार्ज गर्न पाएको छैन यतिबेला त्यहाँ धेरै समस्या रहेको उनीहरुको भनाइ छ ।"

हामीमध्ये लमजुङमा कोही शिक्षक कोही विद्यार्थी रहेको र सोका लागि पनि आएको चन्द्रकाशी गुरूङले बताउनुभयो। उहाँले भन्नुभयो, "हिँडेर आउनलाई बाटो छैन, जोखिम बढी छ, नआऔँ भने यता काम पनि गर्न पाइँदैन । यसरी आउने हामी मात्र होइन गाउँका अन्य स्थानीयपवासी पनि हेलिकप्टरबाट लमजुङ काठमाडौँ जान थालेको उनीहरुको भनाइ छ ।

मनाङ घर भए पनि रोजगारीलगायत विभिन्न कामले जिल्लाबाहिर बस्नेहरु यतिबेला काठमाडौँ, लमजुङ हेलिकप्टरबाट जाने क्रम जारी रहेको विष्णु घलेले बताउनुभयो । उहाँले भन्नुभयो, "यसरी जाँदा त्यहाँभन्दा तल नै सुरक्षित हुन्छ, आ□नो काम पनि गर्न पाउँछन् । गाउँमा हुँदा अब मर्छौं होला, हाम्रो गाउँ वरिपरि पहिरो गएको छ, पानी रोकिएको छैन, गाउँबाट कतै जानलाई पनि बाटोसमेत सबै भत्किसकेकाले डरमा थियौँ तर अब भने बाँचिन्छ खुशी लाग्यो ।"

मनाङमा जोखिम अझै पनि कायम रहेकाले आफू खुशी र पैसा भएकाहरुले निजी हेलिकप्टरमार्फत पनि जिल्ला बाहिरका विभिन्न ठाउँमा गइरहेको मनाङका प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । शनिबार पनि वर्षा भएकाले मर्स्याङ्दी नदीमा पानीको बहाव बढेर चामेबाट माथिल्लो मनाङ जाने पुलसमेत उच्च जोखिम बनाएको उहाँको भनाइ छ । हेलिकप्टर लमजुङ हुँदै मनाङ आवतजावत गरिरहेको छ । यसरी आवजावत गर्दा यहाँका स्थानीयवासीको समेत सोतर्फ ध्यान केन्द्रित हुने गरेको छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - | ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - | ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - | ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
भौतिक साधन जुट्नाले दिगो फाइदा हुनेछ । हिम्मतले काम बनाउन सकिनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
मिहिनेतले राम्रो प्रतिफल दिलाउनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सोचेको नतिजा तत्काल प्राप्त नभए पनि पहिलेका कमजोरी सच्याउने अवसर प्राप्त हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मिहिनेत गर्दा केही काम बन्नेछन्। पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
शुभचिन्तकहरुले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
बुद्धिको माध्यमले लक्ष्यमा पुर्याउन सक्छ । आलस्य गर्नाले अध्ययनमा कमै प्रगति हुनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
काम पूर्ण नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । शरीरमा कमजोरी अनुभूति हुनेछ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
ईर्ष्या गर्नेहरुले अवरोध पुर्याउलान्। रोकिएको कामले अलमल्याउन सक्छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
तर्क र कूटनीतिमा पछि परिए पनि आत्मसम्मान जोगाउन सजग रहनुपर्ला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
सामाजिक नेतृत्व हातलागी हुन सक्छ । व्यापारमा पनि फाइदै हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ ।

# शिक्षक आवश्यकता

*दोश्रो पटक सूचना प्रकाशित मिति : २०७८/०३/०४*

ऋषिङ गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १४३७ मिति २०७८/०३/०४ को प्राप्त पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्याक्रम अन्तरगत एक जना **विज्ञान** विषय शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले पहिलो पटक सूचना प्रकाशित गरिएकोमा रितपूर्वक कुनैपनि दरखास्त नपरेको हुँदा पुनः दोश्रो पटक सूचना प्रकाशित गरिएको छ । उक्त पदका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (अनुदान)
२) **विषय** : विज्ञान ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता** : सम्बन्धित विषयमा आइ.ए.सि. वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
९) **दरखास्त दिने अन्तिम मिति** : २०७८/०३/१० गतेसम्म
१०) **सम्पर्क मिति** : २०७८/०३/१० गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**पुनश्च** : अनुभवि, माथिल्लो योग्यतालाई विशेष प्राथमिकता दिइने छ ।

प्रधानाध्यापक

**श्री दीपक आधारभूत विद्यालय**

ऋषिङ-१, गैराखुदी, तनहुँ । सम्पर्क : ९८४६४८९५३९, ९८६९४०७८३०



**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**

**सम्पर्क : ०६५-५६०९०७**
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com


# चीनले बच्चा जन्माउने सीमालाई सन् २०२५ सम्ममा अन्त्य गर्ने : रिपोर्ट

रासस/एएनआई/बेइजिङ

चीनले जनसंख्या वृद्धि सुस्त भएको पाएपछि सन् २०२५सम्ममा बच्चाको जन्ममा आ□नो सीमा समाप्त गर्ने योजनाबारे विचार गरिरहेको 'द वाल स्ट्रीट जर्नल'मा उल्लेख छ । रिपोर्ट अनुसार सरकारले चीनको चालु पञ्चबर्षीय आर्थिक योजनाको अन्त्यमा बच्चा जन्माउने प्रतिबन्धहरूलाई पूर्णतया हटाउन सक्छ । चीनको राष्ट्रिय तथ्याङ्क विभागले मेमा सार्वजनिक तथ्याङ्कमा देशको जन्म दर सन् २०१६ देखि सन् २०२० सम्म लगातार चार बर्षसम्म घटेको देखिएको थियो। सन् १९५० पछि विश्वव्यापी रूपमा नै सिनच्याङ प्रान्तमा सबैभन्दा बढी जन्मदर घटेको देखाइएको छ । चिनियाँ स्रोतलाई उद्धृत गर्दै 'द वाल जर्नल' भनिएको छ, "चीनले जन्मदर कम भएका क्षेत्रहरूमा छिट्टै प्रतिबन्धलाई सहज बनाउन थाल्नेछ र क्रमशः अन्य प्रान्तहरूमा पनि यो योजना अघि बढाउनेछ।"

चीनले जनसंख्या नियन्त्रणका लागि महिलाहरूलाई बन्ध्याकरणका लागि प्रोत्साहन गरेपछि पाको उमेरको जनसंख्या अधिक भएको छ। जनसङ्ख्या नियन्त्रणको लागि तय गरिएको नियम तोड्नेलाई जेल सजाय दिने नीतिहरूको कारण जन्मदरमा निकै कमी आएको जर्नलमा उल्लेख छ । गत वर्ष परिवर्तनको बावजुद, चीनले खाद्य संकटको चरम विन्दुको तुलनामा देशको हालको आर्थिक वृद्धिपछि पनि प्रति वर्षको नवजात शिशुहरूको जन्म दरमाकमी देखिएपछि नयाँ नीति ल्याई जन्मदरलाई बढाउन लागेको बताइएको छ । चीनमा अहिले पनि प्रति व्यक्ति आय अझै पनि छिमेकी दक्षिण कोरियाभन्दा आधा कम रहेको अमेरिकी पत्रिका वासिङ्गटन पोस्टले हालै उल्लेख गरेको छ ।

यसअघि सीएनएनमा प्रकाशित एक लेखमा केही विज्ञहरूलाई उद्धृत गरी बेइजिङ्ले बच्चा जन्माउने नियमलाई किन पूरै नहटाएको हो भन्ने सन्दर्भमा यसको कारण सिन्च्याङ हुन सक्ने बताइएको छ । बेन वेस्टकोटले सीएनएनमा लेख्नुभएको छ, "चीनले विशेष गरी सिनच्याङस्थित जातीय अल्पसंख्यक समुदायप्रति बेइजिङ्को मनोविज्ञानका कारण उनीहरूको अभिभावकत्व सीमित राखेको छ ।" यसबाहेक, चिनियाँ सरकारले परिवारमा तीन बच्चाको सीमा राख्नुको कारण सिन्च्याङको जन्म दरमा नियन्त्रण कायम राख्नु भएको कतिपय चिनियाँ प्रशासनका आलोचकहरूले भने पनि खासमा १९५० को दशकमा देखिएको उच्च जनसङ्ख्या वृद्धिका कारण आएको खाद्य सङ्कट र अनियन्त्रित जनसङ्ख्या वृद्धि रोक्नु नै ४० बर्ष पहिले अख्तियार गरेको एक बच्चा नीति चीनका लागि बरदान बनेको थियो । तर पछिल्लो दशकहरूमा अन्य विकशित मुलुकमा जस्तै चिनियाँहरूले पनि बच्चा जन्माउन नचाहनु बेढ्यौली जनसंख्या बृद्धिको प्रमुख कारण हो । कुनै समय अत्यधिक जनसंख्याका कारण असहज बनेको चिनियाँ खाद्य संकट र कमजोर अर्थतन्त्र एक बच्चा नीतिका कारण सफल भएको बताउने गरिन्छ । चीनको विकासको क्रममा नीतिले सफलतापूर्वक जन्मदरमा कडाई भएका कारण यसको नकारात्मक प्रभाब हालैका वर्षहरूमा युवा जनंख्यामा कमी देखिनुलाई मानिएको छ । अधिकारीहरूले देशको आर्थिक वृद्धिको शक्तिलाई थप शसक्त पार्न पर्याप्त युवा श्रमिकहरु हुनुपर्दछ तर चीनको अहिलेको अवस्थाले योभन्दा भिन्न स्थितिको सामना गर्नुपर्ने विज्ञहरूको सुझाब आएका कारण सरकारले बच्चा जन्माउने सीमालाई हटाउन लागेको भनाइहरूमा थप सत्यता देख्न सकिन्छ।

यो जनसंख्या समस्यालाई सम्बोधन गर्न चीनले सन् २०१६ देखि एक दम्पत्ती एक बच्चा नीतिलाई खुकुलो पार्दै दुई बच्चा जन्माउन पाउने नीति अघि ल्याएको थियो । यसमा पनि थप संशोधन गर्दै यसै बर्षदेखि एक दम्पत्तीले तीन बच्चा जन्माउन सक्ने प्राबधान ल्याइएको छ ।


**स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५


# बढ्दो लापरवाहीका ............

ग्रामीण क्षेत्रमा कोरोना संक्रमण फैलदै जानु र मनसुन सुरूभएसंगै भएको वर्षाका कारण बाढीपहिरोले गर्दा प्रभावकारी रूपमा कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणका कार्यक्रम सञ्चालनमा चुनौती थपिएको छ । यस्तै, मनसुन शुरू भएसंगै अहिले गाउँका बासिन्दा धान रोपाई तथा अन्य कृषिकर्ममा समेत खट्टिन थालेका कारण कोरोना संक्रमण थप फैलने त होइन भन्ने त्रासपनि बढ्दै गएको छ ।


# हार्दिक समवेदना



**स्व. रेशमलाल गुरूङ**
जन्म : १९९३/०४/०४
स्वर्गारोहण : २०७८/०२/०२

**स्व. श्रीमाया गुरूङ**
जन्म : २००२/०७/११
स्वर्गारोहण : २०७८/०२/२०

कम्यूनिटी सपोर्ट ग्रुप तनहुँकी कर्मचारी **केशु गुरूङ**की ममतामयी माता **श्रीमाया गुरूङ**को असामयीक निधनको १३औं दिनका दिन पुजनीय पिता **रेशमलाल गुरूङ**को समेत असामयीक निधन भएकाले हामीलाई मर्माहत र दुखित बनाएको छ । दिवंगत मातापिताको आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौ । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

**श्रीराम कँडेल**
तनहुँ जिल्ला प्रमुख

**मनोज कुमार गुरूङ**
सचिव

**मनोज गुरूङ**
अध्यक्ष

**कम्यूनिटी सपोर्ट ग्रुप तनहुँ परिवार**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**बाख्रा पालक कृषकलाई किम्बु घाँस :** तनहुँको बन्दिपुर गाउँपालिका–१ को वडा कार्यालयले बाख्रा पालक कृषकलाई किम्बु घाँस विछरण गर्दै । वडाका १८० जना बाख्रापालक कृषकलाई बाख्रा पकेट कार्यक्रम अन्तरगत दश हजार किम्बु घाँसका बिरूवा निःशुल्क वितरण गरिएको वडाअध्यक्ष भानुभक्त पोखेलले जानकारी गराए । *तस्विर : भञ्ज्याङ*

# सामुदायिक वनमा पानी पोखरी निर्माण

**सानेबहादुर नेपाली**/तनहुँ

डिभिजन वन कार्यालय तनहुँले जंगली जनावर र मानव बीचको द्वन्द्व न्यूनिकरणको लागि सामुदायिक वनमा १५ वटा पानीको पोखरी निर्माण गरेको छ । जिल्लाको भानु नगरपालिकामा-१२, बन्दिपुरमा दुई र देवघाटमा एक पोखरी निर्माण गरेको हो। डिभिजन वन कार्यालयबाट दश र जिल्ला वन पैदावर समितिबाट पाँच पोखरी निर्माण गरिएको । जंगलमा निर्माण गरिएको पोखरीले मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनिकरणको लागि रामवाण जस्तै बन्न पुगेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले बताउनुभयो ।



तनहुँमा वन्यजन्तुले किन मानिस माथि आक्रमण गरिरहेको छ भन्ने विषयमा स्थलगत अनुगमन गर्दा पानीको मुख्य समस्या देखिएको उहाँले बताउनुभयो । वन्यजन्तुलाई चाहिने पानी वनजंगल छेउमा नभएपछि पानीकै लागि मानव बस्ती पस्दा दुर्घटना हुने गरेको पत्ता लागेपछि पोखरी निर्माण कार्यलाई प्राथामिकता दिइएको उहाँले बताउनुभयो ।

पोखरी निर्माण गरिएपछि त्यस क्षेत्रमा यस वर्ष जंगलमा आगलागि भएको छैन, चराचुरूङ्गीले प्यास मेटाउन पाएका छन् भने हरियालीमा वृद्धि हुँदा घाँस खाएर बाच्ने प्रजातिका जनावरको आहार व्यवस्थापनमा सहज भएको जनाइएको छ । पानीको अभावमा मानव र वन्यजन्तु द्वन्द्व बढेकाले न्यूनिकरणको लागि चालु आर्थिक वर्षमा पोखरी निर्माण गरिएको हो। कार्यालयले विनियोजन गरेको १२ लाख ५० हजार रूपैयाँमा पोखरी निर्माण गरिएको उहाँले जानकारी दिनुभयो ।

जंगलमा पानीको स्रोत संरक्षण तथा पोखरी निर्माण गरी पानीले भरिएपछि वन्यजन्तुलाई पानीको अभाव नहुने र पानीका स्रोतहरू तथा मुहान नसुक्ने, जैविक विविधता संरक्षण, जलवायु अनुकूलन तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा उल्लेख्य योगदान पुग्ने विश्वास गरिएको सो कार्यालयले जनाएको छ ।

आव २०७४/०७५ देखि २०७७/०७८ तीन वर्षमा तनहुँमा दश बालबालिकाको मृत्यु भएको वन कार्यालय तनहुँका प्रशासन शाखाका अधिकृत पुष्प खनालले जानकारी दिनुभयो । वन्यजन्तुको आक्रमणबाट नौ जना घाइते भएका छन् । घाइतेहरूको अवस्था हेरी रू २० हजार देखि रू.दुई लाखसम्म क्षतिपूर्ति दिने गरिएको उहाँले बताउनुभयो । चितुवाको आक्रमणबाट मृत्यु भएकालाई क्षतिपूर्ति वापत रू.एक करोड ५४ लाख १३ हजार ३८ राहत बितरण गरेको सो कार्यालयले जनाएको छ। वन्यजन्तुबाट बाख्रा १०४, गाई १४, भैंसी तीन, सुँगुर बँगुर १२ र भेडा चार वटामा क्षति पुगेको छ । सोवापत रू.६ लाख २३ हजार ८५० क्षतिपूर्ति प्रदान गरिएको छ ।

वन कार्यालय तनहुँले जंगलमा पोखरी निर्माण गर्न तथा जथाभावी जंगलका रूख ढालेर डोजरे विकास नगर्न जिल्लाका दश वटै पालिकालाई आग्रह गरेको छ ।




## facebook twitter



**सौगात**
twitter.com/yatrisaugat

भुकम्प, कोरोना, बाढीपहिरो जस्ता प्राकृतिक बिपत्ति हामी सबैको बिपत्ति हो, आफ्नो घर भिरालो जमिन अथवा नदि किनारमा छ भने सुरक्षित स्थानमा जानुपर्छ, एक आपसमा सहयोगको आवस्यकता जरूरी पर्छ, पिडितलाई सहयोग गर्न सत्ता पक्ष र प्रतिपक्ष नभनि नेपाली नागरिक भएर आफ्नो ठाउँबाट निस्वार्थ सक्दो सहयो गर्नु जरूरी छ, आफुले सहयोग गर्न नसक्ने अवस्था भए सम्बन्धित निकायमा सुचना पुऱ्याउनु पनि एउटा असल नागरिकको उदाहरण हो।



**अर्याल केपी**
twitter.com/Krishna72952181

विज्ञान र प्रविधिको विकास हुनु राम्रो भए पनि यसलाई मानवीय स्वार्थ र क्षणिक लाभको दृष्टिकोणबाट उपयोग गरिन्छ यसले सर्वत्र विनास र बिपत्ति मात्र निम्त्याउँछ । हालैको विनास र सन्सार भरी आएका प्राकृतिक, रासायनिक र सामरिक विपत्तिहरू यसका ज्वलन्त उदाहरण हुन् ।



**सिर्जु**
twitter.com/srijushah

हरेक बिहानी शुभ संकेत हो, जिन्दगीमा केही असल कार्य शुरूवात गर्ने मौका हो, भोलि के हुने हो कस्लाई के थाहा ? महत्त्वपूर्ण काम आजैबाट शुरूवात गरौं ! खुशी बाडौं, खुशी रहनुहोस !



**मदन कुमार**
twitter.com/Madankkharel

हामी भन्छौं कि हावा हुरी, भुकम्प, वाढी, पैरो अनि माहामारीद्वारा हामी मानवमाथी प्राकृतिक विपत्ति ल्याईदियो तर प्राकृति सदैव आफ्नो स्वरूप एवं आफ्नै गतिमै रहेको हुन्छिन, त्यहाँ बिपत्ति त हामी मानवले नै प्रकृतिको वास्तविक स्वरूपलाई दहन गर्नु वा विथोल्नुका कारणवाट पो भएको हैन र !?

# निषेधाज्ञा खुकुलो बनाउने निष्कर्ष

**भञ्ज्याङ समाचारदाता**/दमौली

जिल्ला समन्वय समिति तनहुँले कोभिड संक्रमणका कारण लगाइएको निषेधाज्ञा खुकुलो पार्दै जनजीवन सहज बनाउनुपर्ने निष्कर्ष निकालेको छ । समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेको अध्यक्षतामा शुक्रबार स्थानीय तहका प्रमुख र उपप्रमुखहरूको बैठकले जनजीवन अस्तव्यस्त भएकाले सावधानीपूर्वक निषेधाज्ञा खुकुलो बनाउनुपर्ने निष्कर्ष निकालेको प्रवक्ता गल गुरूङले जानकारी गराए ।

यस्तै, बैठकले कोरोनासंग मिल्दाजुल्दा लक्षण देखिएका व्यक्ति परीक्षणको दायारमा आउन नमान्दा जिल्लामा कोरोना संक्रमण घटेन नसकेको समेत निष्कर्ष निकालिएको छ । बैठकमा सहभागी स्थानीय तह प्रमुखहरूले लक्षणयुक्त बिरामीहरू परिक्षणको दायरामा आउन नमान्नेका कारण संक्रमण दर घटाउन नसकिएको बताएका प्रवक्ता गुरूङले जानकारी दिए ।



यस्तै, बैठकले पालिकास्तरमा स्वस्थ्य सामग्रीको उपलब्धता सहजता रहेको र अविरल वर्षाका कारण भएका क्षतिहरूको पनि जानकारी लिदै पालिकाहरूले समयमा नै सजगता अपनाउन र आउदै गरेको बजेट, नीति तथा कार्यक्रममा जोड दिनुपर्ने निष्कर्ष निकालेको बताइएको छ । बैठकमा बजेट वक्तव्यमा बालबिकासका सहयोगी शिक्षक तथा विद्यालयका कर्मचारीहरूलाई उपलब्ध गराईने पारिश्रमिक स्थानीय तहलाई थप आर्थिक भार पर्ने भन्दै संघीय सरकारकै तर्फबाट सम्पूर्ण खर्च व्यहोर्न उपयुक्त हुने हुँदा नेपाल सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

# कम्यूनिष्टको 'क' होइन .......

छौ, त्यो भनेको संयुक्त सरकारको युग हो', नेता पौडेलले भने, 'संयुक्त सहकार्यताको जमाना आएको र हाम्रो संविधानले गरेको व्यवस्था अनुसार कसैले पनि बहुमत ल्याउने अवस्था नभएकाले कुनै न कुनै दलसंग तालमेल गरी संयुक्त सर कारको संस्कृतिलाई अगाडि बढ्नुको विकल्प छैन ।'

त्यस्तै, कांग्रेसका वरिष्ठ नेता पौडेलले जिल्लामा करिब ३५ लाख रूपैयाँ बराबरका कोरोना विरूद्धका स्वास्थ्य सामाग्रि उपलब्ध गराएका छन् । पौडेलले तनहुँका व्यास, शुक्लागण्डकी, भिमाद, भानु नगर पालिका, आँवुखैरेनी, देवघाट, बन्दिपुर, म्याग्दे, घिरिङ, ऋषिङ र लमजुङको मध्यनेपाल नगर पालिकालाई स्वास्थ्य सामाग्रि हस्तान्तरण गरेका हुन् । उनले दमौली अस्पताल र जीपी कोइरला राष्ट्रिय श्वासप्रश्सवास उपचार केन्द्रका लागि पनि स्वास्थ्य सामाग्रि हस्तान्तरण गरेका छन् ।

जिल्ला समन्वय समिति तनहुँले संयोजन गरेको कार्यक्रममा नेता पौडेलले जिल्लामा ११ थान अक्सिजन कन्सन्ट्रेटर, फेसमास्क १३ हजार ५०, एन९५ मास्क १ हजार ३५०, पिपिई ४४०, स्यानिटाइजर लगायतका स्वास्थ्य सामाग्रि उपलब्ध गराएका छन् ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४